# टेम्केमैयुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, अन्नपूर्ण भोजपुर

टेम्केमैयुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्नपूर्ण, भोजपुर कोशी प्रदेश, नेपाल

## कर्मचारी करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः- २०८०/०५/२९**

टेम्केमैयुङ गाउँपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७५ तथा टेम्केमैयुङ गाउँपालिकाको मिति २०८०/०५/२९ गतेको निर्णयानुसार यस गाउँपालिकामा देहायका सेवा, संख्या र योग्यता भएका कृषि सेवा प्राविधिक र रोजगार सेवा केन्द्रको लागि रोजगार संयोजक, प्राविधिक सहायक र अन्य प्राविधिक पदका जनशक्ति करार सेवाबाट पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र माग बमोजिमका बिवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त दिनुहुन सम्वन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कार्यवाही हुनेछैन ।

| क.स | विज्ञापन नं. | पद | तह | सेवा | संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०२/२०८०/८१ | कृषि स्नातक प्राविधिक | अधिकृतस्तर छैठौं | कृषि | १(एक) | १००० |
| २ | ०३/२०८०/८१ | रोजगार संयोजक | अधिकृतस्तर छैठौं | | १(एक) | १००० |
| ३ | ०४/२०८०/८१ | प्राविधिक सहायक(रोजागर सेवा केन्द्र तर्फ) | सहायकस्तर पाँचौ | | १(एक) | ७०० |
| ४ | ०५/२०८०/८१ | सब-ईन्जिनियर | सहायकस्तर पाँचौ | ईन्जिनियरिङ | १(एक) | ७०० |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-

क) कृषि स्नातक प्राविधिकको लागिः

- ❖ कृषि विज्ञान तर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक (B.SC. ag) तह उतिर्ण भएको हुनु पर्नेछ ।
- ❖ दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।
- ❖ आधारभुत कम्प्युटर सम्बन्धी सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।
- ❖ भविश्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
- ❖ नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको ।

ख) रोजगार संयोजकको लागिः

- ❖ नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह परीक्षा उतिर्ण गरेको।
- ❖ दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
- ❖ आधारभुत कम्प्युटर सम्बन्धी सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।
- ❖ भविश्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
- ❖ नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको ।

ग) प्राविधिक सहायक (रोजागर सेवा केन्द्र तर्फ) को लागिः

- ❖ सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उर्तीण भएको।
- ❖ अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्वन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. सब-ईन्जिनयरका लागिः

❖ (१) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उर्तीण भएको।

३. करार सेवा अवधि :- २०८१ असार मसान्त सम्म र सो पश्चात गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

४. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूचिमा प्रकाशन र सो पश्चात लिखित परिक्षा र मौखिक परीक्षा।

५. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नेपाली नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- कार्य अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

६. सेवा सुविधा :- कृषि स्नातक प्राविधिक र सब-ईन्जिनियर पदको लागि नेपाल सरकारको नियमानुसार हुनेछ भने रोजगार संयोजक र प्राविधिक सहायकको हकमा स्थानीय तहमा रोजगार संयोजक र प्राविधिक सहायक पदपूर्ति र सेवा सुविधा सम्वन्धी मापदण्ड बमोजिम हुनेछ ।

७. दरखास्त दस्तुर वुझाउने स्थान :- माछापुच्छ्रे बैक टेम्केमैयुङ गाउँपालिका अन्नपूर्ण शाखामा रहेको यस कार्यालयको नाममा रहेको खाता नं. ०८८००६७५७५५०००३१ मा जम्मा गरि सक्कलै भौचर दरखास्त फारमका साथ संलग्न राखी बुझाउनु पर्नेछ ।

८. दरखास्त फारम पाइने स्थान :– टेम्केमैयुङ गाउँ कार्यपालिकाको कार्यालय वा www.tyamkemaiyummun.gov.np बाट download गर्न सकिने छ।

९.दरखास्त दिने स्थान :- टेम्केमैयुङ गाउँ कार्यपालिकाको कार्यालय अन्नपूर्ण भोजपुर वा Email- recruitment.temkemunbhp@gmail.com र ito.temkemaiyungmun@gmail.com बाट समेत बुझाउन सकिनेछ ।

१०. दरखास्त दिने अन्तिम मिति :- २०८०/०६/१२

११.पदले सम्पादित गर्नुपर्ने कार्य बिवरण :- विभिन्न पदको मापदण्ड बमोजिम हुनेछ ।

१२.परीक्षा मिति पछि प्रकाशित गरिनेछ ।

नोट :- विस्तृत जानकारीका लागि Official website:www.tyamkemaiyummun.gov.np & facebook Page बाट समेत हेर्न सकिने छ । साथै सम्पर्कको लागि प्रशासन शाखा ९८६२३२८१७१, सुचना प्रविधि शाखा ९८५२०५२९९५

प्रमुख प्रशासकीय अधिकृत